# नेपाल इन्जिनीरिंग कलेजको बिधान - २०६०

जि प्र का, भक्तपुर दर्ता नम्बर ५५२

२०६० साल भाद्र ५ गते

# नेपाल इन्जियिरिङ कलेजको विधान
# २०६०

## प्रस्तावना

नेपलामा दक्षप्राविधिक जनशक्तिको अभाव तथा इन्जिनियरिङ शिक्षाप्रतिको बढ्दो जन अभिरुचिलाइं दृष्टिगत गरी स्तरयुक्त इन्जियिनिरङ कलेजको स्थापना गर्न गठित समितिको निरन्तर प्रयासअनुरूप वि.सं २०५१ आषाढ २७ मा नेपाल इन्जिनियरिङ कलेजको स्थापना भई त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी विधिवत सञ्चालन भयो । पछि मिति २०५९ पौष ३० गते देखि पोखरा विश्वविद्यालयसँग सम्वन्धन प्राप्त गरी सञ्चालित यो कलेजलाइं यसको स्थायित्व र निरन्तरता प्रदान गर्नका साथै संस्थागत विकासको लागि समेत संस्था दर्ता गर्न आवश्यक हुन गयो । कलेजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आन्तरिक प्रक्रिया र आधारहरु निर्धारण गर्न समेत संघ संस्था दर्ता ऐन २०३४ अन्तर्गत यो विधान बनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यस विधानको नाम "नेपाल इन्जिनियरिङ कलेजको विधान २०६०" रहनेछ ।

(ख) यो विधान संस्था दर्ता भएको मिति देखि लागु हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "विधान" भन्नाले "नेपाल इन्जिनियरिङ कलेजको विधान २०६०" लाई सम्झनु पर्छ

(ख) "स्थापना समिति" भन्नाले यस नेपाल इन्जिनियरिङ कलेजको स्थापनाको लागि गठन भएको दहायका सात व्यक्तिहरु सम्मिलित समितिलाई सम्झनु पर्छ । सदस्यहरुको मर्यादाक्रम उमेरको जेष्ठताको आधारमा दिइएको छ ।

१. डा. राम रत्न उपाध्याय

२. श्री लवराज भट्टराइं

३. डा. उपेन्द्र गौतम

४. श्री दीपक प्रसाद भट्टराइं

५. श्री हरि प्रसाद पाण्डे

६. श्री लम्बोदर न्यौपाने

७. श्री सूर्य बहादुर के.सी.

(ग) "साधारण सभा" भन्नाले कलेज स्थापना तथा सञ्चालन गर्नका लागि आर्थिक लगानि गर्ने स्थापना समितिका सदस्यहरु र यसै विधान अन्तर्गत थप गरिएका सदस्यहरु समेत सम्मिलित सभालाइं सम्झनु पर्छ।

(घ) "सञ्चालक समिति" भन्नाले नेपाल इन्जिनियरिङ कलेज सञ्चालनार्थ गठित सञ्चालक समितिलाई सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले सञ्चालक समितिलाई सम्झनुपर्छ।

(च) "सम्बन्धन" भन्नाले विश्वविद्यालय वा विश्वविद्यालयहरूवाट यस कलेजले प्राप्त गरेको सम्बन्धनलाई सम्झनुपर्छ।

(छ) "अध्यक्ष" भन्नाले नेपाल इन्जिनियरिङ कलेजको सञ्चालक समितिका अध्यक्षलाइं सम्झनुपर्छ।

(ज) "उपाध्यक्ष" भन्नाले नेपाल इन्जिनियरिङ कलेजको सञ्चालक समितिका उपाध्यक्षलाई सम्झनुपर्छ।

(झ) "सचिव" भन्नाले नेपाल इन्जिनियरिङ कलेजको सञ्चालक समितिका सचिव वा सदस्य सचिवलाई सम्झनुपर्छ।

(ञ) "सञ्चालक" भन्नाले दफा १२ (घ) मा उल्लेख भएका नेपाल इन्जिनियरिङ कलेजको सञ्चालक समितिका सदस्यहरूलाई सम्झनुपर्छ।

(ट) "प्रिन्सिपल" भन्नाले नेपाल इन्जिनियरिङ कलेजको कार्यकारी प्रिन्सिपललाइं सम्झनुपर्छ।

(ठ) "प्रतिवेदन" भन्नाले नेपाल इन्जिनियरिङ कलेजको वार्षिक प्रतिवेदन तथा सञ्चालक समितिबाट निर्देशन भए अनुसार पटक पटक बन्ने प्रतिवेदनहरू समेतलाई सम्झनुपर्छ ।

(ड) "बैठक" भन्नाले नेपाल इन्जिनियरिङ कलेजको साधारण सभाको बैठक र सञ्चालक समितिको बैठकलाई सम्झनुपर्छ । यस शब्दले विभागिय समितिको बैठक र पदाधिकारीहरूको बैठक समेतलाई जनाउँछ ।

(ढ) "कलेज" भन्नाले नेपाल इन्जिनियरिङ कलेजलाई सम्झनुपर्छ ।

## १.३ कलेजको छाप

(क) यो कलेज एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ तथा यसले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग र बेच बिखन गर्न अन्य कंपनी वा संस्थाको शेयर खरिद गर्न र चाहेका वखत विक्रिगर्न, कलेजको हितको लागि आवश्यक परेमा चल अचल सम्पत्ति धितो, बन्धक दिन वा लिन अन्य प्रयोगमा ल्याउन, नालिस उजुर गर्न र अन्य काम कर्तव्य र अधिकारको प्रयोग गर्न सक्नेछ ।

(ख) कलेजको आफ्नै छाप र सांकेतिक चिन्ह (Emblem) हुनेछ ।

(ग) यो कलेज मुनाफा रहित उद्देश्यले स्थापना गरिएको छ ।

## १.४ कलेजको कार्यालय र ठेगाना

कलेजको केन्द्रीय कार्यालय भक्तपुर जिल्लाको चाँगुनारायण गा.वि.स.मा रहनेछ । यसका शाखाहरु समितिले निर्णय गरे अनुसार विभिन्न स्थानमा खोल्न सकिनेछन् ।

## १.५ ठेगाना परिवर्तन

समितिले निर्णय गरी कलेजको ठेगाना परिवर्तन गर्न सक्नेछ ।

# परिच्छेद २

## कलेजको उद्देश्य

**२.१ कलेजका मूल उद्देश्यहरू निम्न वमोजिम हुनेछन् ।**

(क) नेपालमा स्तरीय र गुणात्मक इन्जिनियरिङ तथा अन्य प्राविधिक शिक्षा प्रदान गर्ने ।

(ख) स्वदेशी अथवा विदेशी विश्वविद्यालयहरुसंग सम्वन्धन प्राप्त गर्ने ।

(ग) प्रावधिक अथवा व्यावसायिक शिक्षा सम्वन्धी तालिमहरु प्रदान गर्ने ।

(घ) स्वदेशी अथवा विदेशी छात्र छात्राहरुलाई कलेजको डिग्री अथवा तालिम कार्यक्रमहरुमा सरिक गराउने ।

(ङ.) उच्च इन्जिनियरिङ शिक्षाको विस्तारको लागि प्रयत्न गर्ने ।

(च) विभिन्न सरकारी गैर सरकारी संघ संस्थाहरू र व्यक्तिहरुलाई परामर्श सेवा (Consultancy Service) उपलब्ध गराउने ।

# परिच्छेद ३

## कलेजको संगठन र सञ्चालक समिति

**३.१ कलेजको संगठन स्वरूप र निकायहरु**

(क) कलेजमा देहाय बमोजिमका निकायहरू रहनेछन् ।

(१) साधारण सभा

(२) संचालक समिति

(३) अध्यक्षको कार्यालय

(४) प्रिन्सिपलको कार्यालय

### ३.२. साधारण सभाको स्वरूप

(क) कलेज स्थापना समितिका सदस्यहरू वा निजहरूले इच्छाइएका व्यक्तिहरू साधारण सभाका सदस्य हुनेछन् ।

(ख) साधारण सभाको दुइ तिहाइ मतबाट निर्णय गरी थप भएका लगानीकर्ताहरू समेत साधारण सभाको सदस्य हुनेछन् ।

(ग) साधारण सभाको अध्यक्ष सभाबाट निर्वाचित हुनेछन् ।

(घ) कलेजको साधारण सभा वर्षमा एक पटक बस्नेछ ।

(ङ) कलेज साधारण सभाले सम्पूर्ण कार्य गर्ने जिम्मा संचालक समितिलाई दिनेछ ।

(च) संचालक समितिमा विवाद उत्पन्न भई निर्णय हुन नसकेमा वा अन्य विशेष परिस्थितिमा मात्र विशेष एजेण्डा साधारण सभामा निर्णयार्थ पेश गरिनेछ । साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(छ) कलेजको साधारण सभामा सर्वसम्मत निर्णय हुन नसक्ने भएमा बहुमतको आधारमा निर्णय गरिनेछ ।

(ज) मतको गणना गर्दा कलेज स्थापनाको लागि उपलब्ध गराएको अनुदान रकमको आधारमा गरिनेछ ।

### ३.३ कलेज संचालक समितिको स्वरूप

(क) कलेजको संचालक समितिमा अध्यक्ष लगायत बढीमा ११ जना सदस्यहरू रहनेछन् । संचालक समितिको गठन निम्न बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| (१) | कलेज स्थापना समितिका सदस्यमध्ये संचालक समितिबाट निर्वाचित | - | १ अध्यक्ष |
| (२) | कलेज स्थापना समितिका सदस्य बढीमा | - | ६ सदस्य |
| (३) | स्थानीय समाजसेवी मध्येबाट | - | १ सदस्य |
| (४) | अभिभावक मध्येबाट बढीमा | - | १ सदस्य |
| (५) | विश्वविद्यालयको प्रतिनिधि | - | १ सदस्य |
| (६) | कलेजको प्रिन्सिपल | - | १सदस्य सचिव सचिव |
| | | | **बढीमा जम्मा ११ जना** |

(ख) कलेज व्यवस्थापन, संचालन तथा नीति निर्णय लगायत अन्य आवश्यक सम्पूर्ण कुराको व्यवस्था मिलाउने अन्तिम जिम्मेवारी संचालक समितिमा रहनेछ ।

(ग) कलेज स्थापना समितिका सदस्यहरू संचालक समितिको आजीवन सदस्य रहनेछन् । निजहरूले आफू जीवित रहँदै वा आफ्नो शेषपछि उक्त सदस्यताको लागि अन्य व्यक्तिहरूलाई इच्छाउन सक्नेछन् ।

(घ) संचालक समतिको कार्यकाल समान्यतया १ वर्षको हुनेछ ।

(ङ) संचालक समितिको सदस्य हुन चाहिने योग्यता देहाय बमोजिम हुनेछ ।

(१) बालिग हुनुपर्ने ।

(२) कुनै नैतिक पतन हुने गरी फौजदारी मुद्दाको अभियोग नलागेको हुनुपर्ने ।

(३) सेवाप्रेमी हुनु पर्ने ।

(४) प्राविधिक शिक्षा विकास सम्बन्धमा विशेष अभिरूचि भएको हुनुपर्ने ।

**३.४ संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

(क) सम्बन्धन दिने विश्वविद्यालयको शैक्षिक प्रशासन सम्बन्धी काम नियम अनुसार गर्नु गराउनु ।

(ख) कलेजको व्यवस्थापन गर्नु गराउनु ।

(ग) कलेजको नीति तर्जुमा गर्नु गराउनु ।

(घ) वार्षिक आयव्यय दुरूस्त राख्न लगाउनु ।

(ङ) वार्षिक आम्दानी खर्च तयार गर्न लगाई वार्षिक बजेट पास गर्नु ।

(च) लेखापरीक्षकद्वारा कलेजको वार्षिक खर्चको लेखापरीक्षण गराई पारित गर्नु ।

(छ) कलेजको भौतिक एवं शैक्षिक विकासको लागि क्रियाशील हुनु ।

(ज) स्थायी भवन आदिको बन्दोवस्त गर्नु ।

(झ) अध्यक्षको निर्वाचन तथा प्रिन्सिपलको नियुक्ति गर्नु ।

(ञ) अध्यक्ष र प्रिन्सिपलबाट सम्बन्धित क्षेत्रको प्रगतिका बारेमा जानकारी लिनु ।

(ट) विद्यार्थी भर्ना गर्ने सम्बन्धमा नीति तय गर्नु ।

(ठ) शुल्कको निर्धारण गर्नु ।

(ड) श्री ५ को सरकार, विश्वविद्यालयहरू तथा अरू शैक्षक प्रतिष्ठानहरूसँग समन्वय राख्नु ।

(ढ) कलेजको विकासको लागि आवश्यक समितिहरू, शिक्षक कर्मचारी भर्नाको लागि छनौट समिति र आवश्यकताअनुसार अन्य उपसमितिहरू गठन गर्नु ।

(ण) विभिन्न किसिमका सेवा उपलब्ध गराई आय आर्जन गर्नु ।

(त) कलेजलाई एउटा स्वायत्त विश्वविद्यालयको रूपमा विकाश गर्ने कार्य गर्नु ।

**३.५ बैठकसम्बन्धी कार्यविधि**

(क) साधारण सभाका सदस्यहरूको दुई तिहाई मतबाट निर्णय भएमा संचालक समितिमा सदस्यहरूको संख्या थप्न सकिनेछ । संचालक समितिको नयाँ सदस्यको नियुक्ति साधारण सभाका सदस्यहरूको दुइतिहाई बहुमतको निर्णयबाट गरिनेछ ।

(ख) कुनै पनि नियम आदिबाट वा निर्णयद्वारा स्थापना समितिको पुनर्गठन अथवा थपघट हुन सक्ने छैन ।

(ग) बैठक सम्बन्धी कार्यविधि साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

**३.६ संचालक समतिको बैठक र संचालन विधि**

(क) संचालक समितिको बैठक सामान्यतया वर्षमा २ पटक अनिवार्य रूपमा बस्नेछ र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ तर २ बैठकको बीचको भिन्नता ६ महिनाभन्दा बढी हुने छैन ।

(ख) संचालक समितिको अध्यक्षता अध्यक्षले गर्नेछन्, अध्यक्षको अनुपस्थिति भएका बखत उपाध्यक्षले गर्नेछन् । तर अध्यक्ष, उपाध्यक्ष दुवै अनुपस्थित भएमा सदस्यहरूमध्येबाट सबैभन्दा जेठा सदस्यले गर्नेछन् ।

(ग) संचालक समितिबाट हुने निर्णय सामान्यतः सर्वसम्मतिबाट गरनेछ । एकमत हुन नसकी मत विभाजन हुन गएका खण्डमा बहुमतबाट निर्णय गरिनेछ ।

(घ) उपदफा (ग) अनुसार मतदान हुँदा कलेजलाई दिइएको अनुदानको आधारमा मताधिकारको गणना हुनेछ । प्रत्येक मतका लागि अनुदान रकम साधारण सभाले तोके बमोजिम हुनेछ ।

## ३.७ संचालक समितिको बैठकमा पेश हुने प्रस्ताव र निर्णय गर्ने विधि

(क) संचालक समितिमा छलफल गरिने प्रस्ताव समितिको बैठकमा अध्यक्षद्वारा प्रस्तुत गरिनेछ ।

(ख) अध्यक्षले पेश गरेको प्रस्ताव समितिमा छलफल भई सोही रूपमा वा संशोधनसहित पारित भएका प्रस्तावहरू तथा निर्णयमा पुगेका विषयहरू माइन्यूटिङ्ग गरी प्रामाणिक अभिलेख तयार पार्ने काम सदस्यसचिवले गर्नेछन् ।

(ग) अन्य सदस्यहरूले प्रस्ताव पेश गर्न चाहेमा कम्तिमा एकजना प्रस्तावक र एकजना समर्थक मिलेर प्रस्ताव ल्याउन सक्नेछन् ।

३.८ अध्यक्ष बाहेक अन्य सदस्यहरूले संचालक समितिको बैठकमा प्रस्ताव राख्न चाहेमा लिखित रूपमा एक दिन अगाडि अध्यक्षको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो प्रस्तावमा पनि संचालक समितिले छलफल गर्नुपर्नेछ । अध्यक्ष बाहेक अन्य सदस्यहरूले राखेको प्रस्ताव पनि पारित भएमा अध्यक्षले राखेको प्रस्ताव सरह नै मानिनेछ ।

## ३.९ संचालक समितिमा मुख्यतया देहायका प्रस्तावहरू रहनेछन्

(क) कलेजको विकासको लागि प्रस्तुत गरिने, ऐन नियमको परिधिमा रहेको जुनसुकै विषय ।

(ख) कलेजको पाठ्यक्रम आदि विषय ।

(ग) कलेजले विद्यार्थीसंग असुल गर्ने शुल्क आदि विषय ।

(घ) कलेजलाई आवश्यक पर्ने शैक्षिक, भौतिक सम्पत्ति आर्जन गर्ने, बेचविखन गर्ने विषय ।

(ङ) कलेजले शेयर खरिद गर्ने वा बिक्री गर्ने विषय ।

(च) अन्तर्राष्ट्रिय स्तरमा कलेजको सम्बन्ध विकास गर्ने विषय ।

(छ) शैक्षिक र आन्तरिक प्रशासन सुव्यवस्थित गर्ने विषय ।

(ज) अध्यक्षको निर्वाचन गर्ने विषय ।

(झ) प्रिन्सिपल, सहायक प्रिन्सिपलहरूको नियुक्ति गर्ने विषय ।

(ञ) शिक्षक तथा कर्मचारी छनौट गर्ने समितिको संरचना गर्ने वा हेरफेर गर्ने विषय ।

(ट) अध्यक्ष, प्रिन्सिपल र सहायक प्रिन्सिपलको सेवा सुविधा सम्बन्धी विषय ।

(ठ) अन्य भैपरि आउने जुनसुकै विषय ।

### ३.१० संचालक समितिको गणपूरक संख्या

तत्काल बहाल रहेका संचालकहरू मध्ये ५० प्रतिशत संचालक उपस्थित भएमा संचालक समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद ४

## स्थापना समितिको विशेषाधिकार

४.१ स्थापना समितिका सदस्यहरू प्रत्येकको नाममा कलेजमा एक एक वटा विद्यार्थी भर्ना वापत सिट आरक्षण हुनेछ ।

४.२ दफा ४.१ अनुसारको आरक्षित सिटमा प्रत्येक सदस्यले कलेजमा सञ्चालन भएका कार्यक्रमहरू मध्ये कुनै एकमा भर्नाको लागि प्रत्येक वर्ष एकजना विद्यार्थी मनोनित गरी पठाउन सक्नेछन् ।

४.३ दफा ४.२ अनुसार मनोनित गरिने विद्यार्थीले विश्वविद्यालयबाट निर्धारण गरेको न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछ ।

४.४ मूल स्थापना समितका सदस्यहरू नरहेमा निजका उत्तराधिकारीहरूद्वारा दफा ४.२ अनुसारको मनोनयन हुनेछ ।

४.५ स्थापना समतिका सदस्यले आफुले लगानि गरेको रकमको ५० (पचास) प्रतिशतले हुने रकम प्रत्येक वर्ष एक जना विद्यार्थीलाइं मिनाहा गर्न सक्ने छन् ।

# परिच्छेद ५

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**५.१ अध्यक्षको निर्वाचन**

संचालक समितिले समितिका सदस्यहरू मध्येवाट एक जना अध्यक्ष निर्वाचत गर्नेछ।

**५.२ अध्यको काम, कर्तव्य र अधिकार**

(क) कलेजको कार्यकारी प्रमुख भई कार्य गर्नु र मुख्य प्रशासकको अभिभारा सम्हाल्नु ।

(ख) संचालक समितिको बैठकको अध्यक्षता गर्नु ।

(ग) आवश्यकता बमोजिम संचालक समितिको बैठक बोलाउनु ।

(घ) संचालक समितिको बैठकमा छलफल हुने विषय र प्रस्ताव तयार गरी वा गर्न लगाई समितिमा पेश गर्नु ।

(ङ) कलेजको गतिविधिमा निगरानी राख्नु ।

(च) संचालक समितिको प्रमुख भई नेतृत्व गर्नु ।

(छ) संचालक समितिको निर्णय कार्यान्वयन गराउनु ।

(ज) कलेजको विकासको लागि योजनाहरू तयार गर्नु ।

(झ) कलेजको लागि आवश्यक बस्तुहरू स्वदेश वा विदेशवाट किन्नु वा प्राप्त गर्नु ।

(ञ) कलेजको लागि आवश्यक आर्थिक प्रशासन संचालन गर्नु ।

(ट) स्थायी, अस्थायी सम्पत्ति किन्नु वा प्राप्त गर्नु ।

(ठ) कलेजको नाममा प्राप्त हुने सहयोग चन्दा, दान, अनुदान स्वीकार वा अस्वीकार गर्नु ।

(ड) कलेज संचालनको लागि आवश्यक औजार तथा उपकरणहरू किन्नु वा प्राप्त गर्नु ।

(ढ) खर्च भएको रकमको हिसाव दुरूस्त राख्न लगाउनु, आन्तरिक लेखा परीक्षण गराउनु ।

(ण) कलेजको सम्पत्तिको नियन्त्रण र सुरक्षा गर्नु ।

(त) कलेजको सुरक्षा व्यवस्था कायम गर्नु ।

(थ) कलेजमा आवश्यक कर्मचारी रिक्त हुन गएको बखत कर्मचारी नियुक्तिको लागि सिफारिस गर्नु र कार्य सञ्चालनार्थ अस्थायी कर्मचारी नियुक्त गर्नु ।

(द) कलेजको बारेमा परिआउने अन्य सम्पूर्ण काम कारवाहि गर्नु ।

(ध) आवश्यक परेमा अध्यक्षले आफ्नो अधिकार प्रत्यायोजित गर्न सक्नेछन् ।

**५.३ उपाध्यक्षको काम कर्तव्य र अधिकार**

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउन ।

(ख) संचालक समितिको बैठकमा अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नु ।

(ग) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्नु ।

**५.४ संचालक समितिको सदस्यसचिवको नियुक्ति**

कलेजको प्रिन्सिपल संचालक समितिको सदस्य-सचिव/सचिव हुनेछन् ।

**५.५ संचालक समितिको सदस्य-सचिव/सचिवको काम, कर्तव्य र अधिकार**

(क) संचालक समितिको दैनिक कार्य सम्पादनको लागि पूर्ण रूपमा जिम्मेवार हुनु ।

(ख) संचालक समितिको बैठकको माईन्यूट (निर्णय) राख्नु ।

(ग) संचालक समितिको अध्यक्षले तोकेको अन्य कार्यहरू गर्नु ।

**५.६ प्रिन्सिपलको नियुक्ति**

(क) संचालक समितिले कलेजको शैक्षिक प्रशासनको प्रमुख भई कार्य गर्ने गरी प्रिन्सिपलको नियुक्ति गर्नेछ ।

(ख) प्रिन्सिपल अध्यक्ष तथा संचालक समितिप्रति उत्तरदायी हुनेछन् ।

## ५.७ प्रिन्सिपलको पदावधि

प्रिन्सिपलको पदावधि संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५.८ प्रिन्सिपलको काम, कर्तव्य र अधिकार

(क) सुचारुरूपले कलेज संचालन गर्दै उच्च शैक्षिक गुणस्तर कायम राख्न प्रयत्नशील रहनु ।

(ख) कलेजको शैक्षिक विभागहरूको संरचना, नियन्त्रण, निर्देशन र समन्वय गर्नु ।

(ग) कलेजमा शिक्षकको दरबन्दी खालि हुन आएमा बढीमा ६ महिनासम्म अस्थायी वा करार (Contract) मा शिक्षकहरूको नियुक्ति गर्नु र स्थायी पदपूर्तिको लागि अध्यक्षसमक्ष सिफारिस गर्नु ।

(घ) शिक्षक तथा कर्मचारीहरूको कार्यकुशलताको लेखाजोखा गरी पुरस्कार वा दण्डको लागि अध्यक्षसमक्ष सिफारिस गर्नु ।

(ङ) कलेजका विद्यार्थीहरूको आन्तरिक परीक्षा संचालन गर्नु ।

(च) कलेजका विद्यार्थीहरूले कलेजद्वारा निर्धारित आचरण उल्लंघन गरेमा मात्रा हेरी अनुशासन समतिको राय बमोजिम दण्ड सजाय गर्न अध्यक्ष समक्ष सिफारिस गर्नु ।

(छ) विश्वविद्यालयहरूसँग प्रत्यक्ष सम्बन्ध कायम गरी शैक्षिक कार्यहरूमा समन्वय ल्याउनु ।

(ज) पाठ्यक्रमका विषयमा छलफल गराई निर्धारित पाठ्यक्रम अनुसार स्तरयुक्त पढाई गराउनु ।

(झ) कलेजको शैक्षिक प्रशासन सम्वन्धी सम्पूर्ण नेतृत्व लिनु ।

(ञ) कलेजको काम नलाग्ने वस्तु नष्ट गरी लिलाम आदि गर्नु ।

(ट) कलेजको उन्नतिको लागि आवश्यक सबै कार्य गर्नु ।

(ठ) भैपरि आउने अन्य सबै काम गर्नु ।

(ड) आवश्यकता अनुसार प्रिन्सिपलले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछन् ।

५.९ कलेजका अन्य पदाधिकारीको काम कर्तव्य र अधिकार तथा पदावधि संचाकल समितिले तोके बमोजिम हुनेछ ।

# परिच्छेद ६

## शैक्षिक विभागहरू

६.१ कलेजमा आवश्यकता अनुसार शैक्षिक विभागहरू हुनेछन् । यी विभागहरू आवश्यता अनुसार क्रमशः खोलिने छन् ।

**६.२ विभागीय प्रमुखको नियुक्ति**

दफा ६.१ मा उल्लेखित विभागहरूमा रहने विभागीय प्रमुखहरूको नियुक्ति संचालक समितिले गर्नेछ ।

**६.३ विभागीय प्रमुखको कार्यावधि**

कलेजका विभागीय प्रमुखहरूको कार्यावधि संचालक समितिले तोके वमोजिम हुनेछ ।

**६.४ शैक्षिक विभागहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

(क) आफ्नो विभागमा पढाइ भएका विषयमा आन्तरिक छलफल गर्ने ।

(ख) पढाइको स्तर कायम गर्न प्रयत्न गर्ने ।

(ग) अन्य स्तरीय कलेजहरूको शैक्षिक स्तरसंग यस कलेजको पढाइ मिलान गर्ने विषयमा छलफल गर्ने ।

(घ) पढाइको मासिक तालिका निर्माण गर्ने ।

(ङ) युनिट परीक्षाहरू लिने र आन्तरिक परीक्षा लिन सिफारिश गर्ने ।

(च) शैक्षिक वर्षको तालिका अनुसार कोर्स पूरा गर्न लगाउने ।

(छ) कलेज संचालन कार्यमा कलेजका प्रिन्सिपललाई सहयोग गर्ने ।

(ज) शैक्षिक वातावरण सुदृढ राख्न प्रयत्न गर्ने ।

**६.४ शैक्षिक विभागहरूको वैठक बस्ने विधि देहायवमोजिम हुनेछ**

(क) आवश्यकता अनुसार विभागीय प्रमुखले विभागको बैठक वोलाउनेछन् ।

(ख) विभागीय प्रमुखले बैठकको अध्यक्षता गर्नेछन् ।

(ग) वैठकवाट लिने निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(घ) बैठकमा आवश्यक देखिएमा प्रिन्सिपललाई पनि आमन्त्रण गर्न सकिनेछ ।

(ङ) विभागीय प्रमुखहरूको बीच एक आपसमा छलफल हुनेछ ।

(च) विभागकोनिर्णय अभिलेख गरी त्यसको जानकारी प्रिन्सिपल समक्ष पेश गर्नुपर्नेछ ।

(छ) विभागीय प्रमुखहरूको बैठकको निर्णयको प्रति प्रिन्सिपल समक्ष पेश गर्नुपर्नेछ ।

(ज) विभागीय प्रमुखले आ-आफ्नो विभागको प्रगति समीक्षा नियमित रूपमा गर्नेछन् ।

(झ) प्रविधि हस्तान्तरणका विषयमा समेत विभागहरू क्रियाशील रहनेछन् ।

(ञ) कलेजमा दिइने शिक्षा स्तरीय गराउनुका साथै आधुनिकीकरण गर्ने विषयमा विभागहरू क्रियाशील रहनेछन् ।

## परिच्छेद ७

## छनौट समिति

७.१ कलेजमा आश्यक पर्ने शिक्षक कर्मचारी भर्ना गर्न, स्थायी गर्न र स्थायी गर्न र स्थायी शिक्षक तथा कर्मचारीहरूको पदोन्नति गर्नसमेत कलेजको संचालक समितिले एउटा स्वतन्त्र र निष्पक्ष छनौट समिति गठन गर्न सक्नेछ ।

**७.२ छनौट समितिको गठन देहायबमोजिम हुनेछ ।**

(क) कलेज संचालक समितिका अध्यक्ष वा निजले तोकेको व्यक्ति छनौट समितिको अध्यक्ष हुनेछन् ।

(ख) कलेजका प्रिन्सिपल छनौट समितिको पदेन सदस्य सचिव हुनेछन् ।

(ग) कुन विषयको शिक्षक छनौट हुने हो सोही विषय समितिको अध्यक्ष वा सो विषयको विशेषज्ञ शिक्षक एक जना सदस्य हुनेछन् । प्रशासनिक कर्मचारीको हकमा कलेजका प्रशासक पदेन सदस्य हुनेछन् ।

(घ) अन्य ३ जना सम्म संचालक समितिले तोकेको व्यक्ति छनौट समितिका सदस्य रहनेछन् ।

**७.३ छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

(क) कलेजलाई शिक्षक तथा कर्मचारी आवश्यक परेमा स्तर निर्धारण गरी सम्वन्धित विषयका शिक्षक तथा कर्मचारी खुल्ला प्रतिस्पर्धाको आधारमा माग गर्ने ।

(ख) यसरी माग गरेको शिक्षक तथा कर्मचारीहरूको लिखित परीक्षा अथवा अन्तर्वार्ता लिने र नियुक्तिको लागि सिफारिस गर्ने ।

(ग) रिक्त पदमा बढुवाको लागि कलेजवाट माग भई आएमा सोको लागि विज्ञापन गर्ने, लिखित परीक्षा अथवा अन्तवार्ता गर्ने र नियुक्तिको लागि सिफारिस गर्ने ।

**७.४ छनौट समितिको पुनर्गठन**

छनौट समिति आवश्यकता अनुसार आवधिक रूपमा पुनर्गठन गरिनेछ ।

**७.५ पारिश्रमिक**

कलेज बाहिरका छनौट समितिका सदस्यहरुलेछनौट अथवा बढुवा सम्बन्धी कार्य गरेवापत सञ्चालक समितिले ताकेको पारिश्रमिक पाउनेछन् । कलेजका शिक्षक तथा कर्मचारी सदस्यहरुले त्यस्तो कुनै पारिश्रमिक पाउनेछैनन् ।

## परिच्छेद ८

## कलेजको कोष, लेखा तथा लेखापरीक्षण

**८.१ कलेजको कोष**

(क) कलेजको एक छुट्टै कोष हुनेछ ।

(ख) उपदफा (क) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

(१) श्री ५को सरकारबाट प्राप्त रकम ।

(२) कलेजले सापटी लिएको रकम ।

(३) कलेजका लागि स्वदेशी तथा विदेशी व्यक्ति वा संघ संस्थाबाट दान दातव्य र आर्थिक सहायता स्वरूप प्राप्त भएको रकम ।

(४) शुल्क तथा अन्य स्रोतबाट प्राप्त रकम ।

(ग) कलेजको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(घ) कलेजको नगद, नगद तथा जिन्सी कोष र बैंक दाता संचालक समितिद्वारा तोकिए बमोजिम हुनेछ ।

(ङ) कलेजको सबै खर्च उपदफा (ख) बमोजिमको कोषबाट बेहोरिनेछ ।

## ८.२ लेखापरीक्षण

कलेजको आय व्ययको लेखा स्पष्टसँग राखिनेछ । लेखापरीक्षण स्वीकृतिप्राप्त लेखापरीक्षकबाट गराई सोको प्रतिवेदन संचालक समितिको स्वीकृतिका लागि पेश गरिनेछ । लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण संचालक समितले गर्नेछ ।

# परिच्छेद ९

## आचार संहिता तथा विधान संशोधन

९.१ कलेजले आफ्ना शिक्षक र कर्मचारीको आचार संहिता, सेवाका शर्त एवं कर्तव्यहरूको निर्धारण र विद्यार्थीहरूको आचारसंहिता निर्धारण बारे छुट्टाछुट्टै नियम बनाई लागू गर्नेछ ।

९.२ संचालक समितिमा तत्काल वहाल हेका ७५ प्रतिशत बहुमत प्राप्त सदस्यहरूले अनुमोदन गरेमा आवश्यकता अनुसार विधान संशोधन गर्न सकिनेछ ।

९.३ यो विधानको व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

९.४ यो विधानको वाधा अड्चन फुकाउन आवश्यक निर्देशन जारी गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

अनुसूचि

मूल स्थापना समितिका सदस्यहरू र तिनले पछि फिर्ता हुने गरी निर्व्याजी सापति दिएको रकम

१. डा. राम रत्न उपाध्याय, भनीमण्डल, जाउलाखेल, ललितपुर । - ३००,०००।-
२. श्री लवराज भट्टराई, बालुवाटार, काठमाडौं । - ४००,०००।-
३. डा. उपेन्द्र गौतम, विशाल नगर,काठमाडौं । - ३००,०००।-
४. श्री दीपक प्रसाद भट्टराई, महाराजगंज, काठमाडौं । - १८,००,०००।-
५. श्री हरि प्रसाद पाण्डे, श्रृजनाचोक, पोखरा । - २००,०००।-
६. श्री लम्बोदर न्यौपाने, विशालनगर, काठमाडौं । - ३००,०००।-
७. श्री सूर्य बहादुर के.सी., एयरपोर्ट, पोखरा । - २००,०००।-